# नेपाल खाद्य संस्थान

**खुला प्रतियोगिताद्धारा पूर्ति गरिने तह ७ को बरिष्ठ अधिकृत (अप्रा) पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र लिखित परिक्षाको पाठ्यक्रम :**

## क) आवश्यक न्यूनतम शैक्षिक योग्यताः

**मान्यता प्राप्त शिक्षण संस्याबाट सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।**

## ख) पाठ्यक्रमः

**लिखित परीक्षाको माध्याम नेपाली / अंग्रेजी हुनेछ ।**

**भाग-१** **लिखित परीक्षा :** **पूर्णाङ्क : २००**

| पत्र | बिषय | पूर्णाङ्क | परीक्षाको प्रणाली | प्रश्न संख्या | अङ्क भार | समय |
|---|---|---|---|---|---|---|
| प्रथम पत्र | (क) सामान्य ज्ञान | ७० | (क) बस्तुगत बहुउत्तर | २० x २ | ४० | १ घण्टा |
| | (ख)समस्याको पहिचान र समाधान | ३० | (ख) छोटो छोटो उत्तर | ६ x ५ | ३० | |
| | | | (ग) लामो उत्तर | १ x ३० | ३० | |
| द्बितीय पत्र | सेवा सम्बन्धी | १०० | (क) लामो उत्तर | २ x २५ | ५० | ११/२ घण्टा |
| | | | (ख) छोटो छोटो उत्तर | १० x ५ | ५० | |

**भाग-२** **अन्तरवार्ता** **पूर्णाङ्क : ५०**

सामान्य ज्ञान र सम्बन्धित विषयवस्तुको ज्ञान → ३७

व्यक्तित्व → १०

शैक्षिक योग्यता → ३

| श्रेणी | अंक |
|---|---|
| प्रथम | ३ |
| द्वितीय | २ |
| तृतीय | १ |

- अन्तरवार्तामा ६० प्रतिशत भन्दा बढी र ३० प्रतिशत भन्दा कम अंक दिंदा सोको कारण जनाउनु पर्नेछ ।
- भाग १ को लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरु मात्र भाग २ को अन्तरवार्ता परीक्षामा सामेल हुन पाउने छन् ।
- भाग १ को लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरुको लिखित परीक्षाको प्राप्ताङ्क र भाग २ को अन्तरवार्ताको प्राप्ताङ्क जोडी योग्यताक्रमानुसार सिफारिश गरिनेछ ।
- शैक्षिक योग्यता वापतको अंक सम्बन्धित पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यतालाई मात्र उपरोक्त बमोजिम अंक दिइने छ ।

द्रष्टब्य :

१. खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा दिने उम्मेदवारले संस्थानबाट निर्धारित दरखास्त फाराम भरी आवेदन दिनु पर्नेछ । तोकिएको परिक्षादस्तुर वापत बैंक भौचर वा बैंक ड्राफ्ट दरखास्त फारामसाथ बुझाउनु पर्नेछ ।
२. दरखास्त फाराम र पाठ्यक्रम तोकिएको स्थानबाट उपलब्ध हुनेछ ।
३. पाठ्यक्रममा भएको लिखित परीक्षाको प्रत्येक पत्रमा उत्तीर्णाङ्क ३५ प्रतिशत मानिनेछ ।
४. बस्तुगत बहुउत्तरको प्रश्न पत्र र उत्तर पुस्तिका भिन्दै हुनेछ । परीक्षा समाप्त भएपछि सामान्य ज्ञानको प्रश्नपत्र र उत्तर पुस्तिका दुवै फिर्ता गर्नु पर्नेछ ।

५. यस पाठ्यक्रममा जे सुकै लेखिएतापनि पाठ्यक्रममा परेको ऐन, नियमहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएको वा संशोधित भई हटाइएको वा थप गरी संशोधन भई कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

## पाठ्यक्रमको बिस्तृत बिवरण :

### प्रथम पत्र : (क) सामान्य ज्ञान :

१. नेपालको ऐतिहासिक, भौगोलिक, सामाजिक, सांस्कृतिक, साहित्यिक, आर्थिक, बैज्ञानिक, राजनैतिक गतिविधि र नविन घटनाबारे सामान्य जानकारी ।
२. बिश्वका ऐतिहासिक घटना, समसामयिक अन्तरराष्ट्रिय गतिविधि, बिश्वको भौगोलिक ज्ञान र बिज्ञान सम्बन्धी नविन घटना बारे सामान्य जानकारी ।
३. दक्षिण एशियाली (SAARC) राष्ट्रहरुको राजनैतिक, भौगोलिक, ऐतिहासिक, सामाजिक बिषयका समसामयिक गतिविधि र घटना बारे सामान्य जानकारी ।
४. नेपाल खाद्य संस्थान तथा अन्तरराष्ट्रिय खाद्य तथा कृषि सम्बन्धी संघ संस्थाहरुको सामान्य जानकारी ।
५ आर्थिक उदारीकरणको नीति र सरकारी स्वामित्वमा रहेका संस्थानहरुको भूमिका ।
६ क्षेत्रिय तथा विश्व व्यापार संगठनमा नेपालको प्रवेश पछिका चुनौतिहरु ।
७ इफड(IFAD) खाद्य तथा कृषि संगठन (FAO), विश्व खाद्य कार्यक्रम (WFP) तथा विश्वव्यापार संगठन (WTO) सम्बन्धी जानकारी ।

### (ख) समस्याको पहिचान र समाधान :

संस्थानको काम वा व्यवस्थापनसंग सम्बन्धित बिषयहरुमा कुनै समस्या दिइने छ । प्रश्न (समस्या)को उत्तर दिंदा प्रचलित नीति, कानून, निर्देशिका र सरकारी स्वामित्वमा रहेका संस्थानहरुको भूमिकाको आधारमा बिश्लेषण गरी कार्यान्वयनको लागि सामयिक र उपयुक्त सुझाव प्रस्तुत गर्नु पर्नेछ ।
परीक्षार्थीबाट बिशेष गरेर निम्न प्रारुपको आधारमा प्रस्तुतिकरणको अपेक्षा राखिएको छ ।

- समस्याको बिश्लेषण र पहिचान
- समस्या समाधानको लागि ठोस सुझाउहरु
- सुझाउ कार्यान्वयन गर्ने प्रकृया

### द्वितीय पत्र : सेवा सम्बन्धी :

१. नेपाल खाद्य संस्थानको उद्देश्य, गठन, कार्यक्रम, लेखा प्रणाली र लेखा परीक्षण सम्बन्धी जानकारी ।
२. व्यवस्थापन सम्बन्धी सामान्य जानकारी :
योजना (Planning), संगठन (Organization), समन्वय (Co-ordination), नियन्त्रण (Control), स्टाफिङ (Staffing), संचार (Communication), सूचना प्रणाली (Information System), कार्य सम्पादन मूल्यांकन (Performance Appraisal), सुझाव प्रणाली (Suggestion System), कर्मचारी मर्का (Employees Grievances), कर्मचारी प्रेरणा (Staff Motivation), नेतृत्वशैली (Leadership style), अनुशासन सम्बन्धी कार्यवाही (Disciplinary Action), निर्णय प्रकृया (Decision Making Process), मनोवल (Morale), संकट व्यवस्थापन (Crisis Management) ।
३. नेपालको कृषि, उद्योग, वाणिज्य, आपूर्ति सम्बन्धी नीतिको जानकारी ।
४. नेपालमा संस्थागत खाद्यान्न आपूर्ति व्यवस्था ।
५. नेपालमा खाद्यान्न उत्पादनको बर्तमान स्थिति, माग, आपूर्ति तथा बजार व्यवस्था ।
६. लेखा परीक्षणको उद्देश्य तथा नेपालमा सरकारी स्वामित्वमा रहेका संस्थानहरुको लेखा परीक्षण ।
७. आर्थिक उदारिकरणको नीति र सार्वजनिक संस्थानहरुको भूमिका ।
८. संस्थान ऐन, २०२१ ।
९. खाद्य ऐन, २०२३ ।
१० भ्रष्टाचार निवारण ऐन, २०५९ ।
११ करार ऐन, २०५६ ।
१२. नेपाल खाद्य संस्थानको कार्य संचालन तथा कर्मचारी सेवा शर्त र सुबिधा सम्बन्धी बिनियमावली, २०६४ ।
१३. सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली, २०६४ ।
१४. उपभोक्ता संरक्षण ऐन, २०५४ र ऐ. नियमावली, २०५६ ।
१५ कम्पनी ऐन, २०६३
१६ आर्थिक कार्यविधि नियमावली, २०६४
१७ अख्तियार दुरुपयोग अनुसन्धान ऐन र ऐ. नियमावली ।